



# नागरिक बजेट

## आर्थिक वर्ष २०८२/०८३

चौकुने गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुर्खेत, कर्णाली प्रदेश, नेपाल

# गाउँपालिका अध्यक्षको शुभकामना



चौकुने गाउँपालिकाले नागरिकमुखी शासन प्रणालीलाई सुदृढ बनाउँदै पारदर्शिता, जवाफदेहिता र सक्रिय नागरिक सहभागितालाई विकासका आधारका रूपमा अंगीकार गर्दै अघि बढिरहेको छ । यही उद्देश्य अनुरूप आर्थिक वर्ष २०८२/०८३ को बजेटलाई चौकुनेका सबै बासिन्दाले सहजै बुझ्न सकुन् भन्ने लक्ष्यसहित सरल, स्पष्ट र नागरिकमैत्री रूपमा **'नागरिक बजेट'** सार्वजनिक गरिएको हो ।

स्थानीय तहका योजना तथा कार्यक्रमहरू गाउँपालिकाको वास्तविक आवश्यकता, जनअपेक्षा र चौकुनेको प्राथमिकतामा आधारित भएर निर्माण हुनु आजको महत्त्वपूर्ण आवश्यकता हो । यस प्रक्रियालाई व्यवस्थित, पारदर्शी र दीगो रूप दिन नागरिक बजेट प्रभावकारी उपकरणको रूपमा स्थापित हुँदै आएको छ । यसले बजेट निर्माणका आधार, प्राथमिकताका मापदण्ड तथा उपलब्ध स्रोत–साधनको उपयोगबारे स्पष्ट जानकारी प्रदान गर्दै गाउँपालिका र नागरिकबीचको सहकार्य तथा विश्वासलाई अझ मजबुत बनाउने काम गर्दछ ।

प्रस्तुत नागरिक बजेटले चौकुने गाउँपालिकाको वित्तीय नीति, वार्षिक कार्यक्रम र विकासका प्रमुख दिशाबारे नागरिकलाई सहज र स्पष्ट बुझाइ प्रदान गर्नेमा हामी विश्वस्त छौं ।

**खड्क वि.क. (विवश)**
अध्यक्ष, चौकुने गाउँपालिका

# नागरिक बजेटको उद्देश्य

**यस नागरिक बजेटको उद्धेश्यहरु यस प्रकार रहेका छन्:**

- गाउँपालिकाको वार्षिक बजेटलाई सरल, स्पष्ट र बुझ्न सकिने भाषामा प्रस्तुत गर्नु तथा बजेटका आय र खर्चका प्रमुख श्रोत तथा क्षेत्रहरूबारे नागरिकलाई जानकारी दिनु।
- नागरिकले तिरेको कर कहाँ, कसरी खर्च भइरहेको छ भन्ने विषयमा जवाफदेहिता सुनिश्चित गर्नु।
- शिक्षा, स्वास्थ्य, पूर्वाधार, रोजगारी, महिला तथा बालमैत्री कार्यक्रमहरूमा बजेटको प्राथमिकता देखाउनु।

# तथ्यांकको श्रोत

यस नागरिक बजेट चौकुने गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ को गाउँपालिकास्तरिय बजेट योजना तथा तथा कार्यक्रम पुस्तिकाको आधारमा तयार पारिएको हो। यो पुस्तिकाको पूर्ण पाठ तलको लिंकमा क्लिक गरेर वा तलको क्युआर कोड स्क्यान गरेर पढ्न सकिन्छ।

Link: **https://tinyurl.com/mr3w9bkr**

# बजेटका प्रमुख विषयहरु

**कुल बजेट :** रु. ५७ करोड ५२ लाख ३९ हजार ३ सय ८५

**अंकमा :** ५७,५२,३९,३८५


**अक्षर :** रु. सन्ताउन्न करोड बाउन्न लाख उन्चालिस हजार तिन सय पचासी

**कुल चालु बजेट** (प्रशासनिक र सञ्चालन खर्च):


**४२ करोड ७२ लाख ६९ हजार मात्र**

**कुल पुँजीगत बजेट** (विकासनिर्माण तथा कार्यक्रम सञ्चालन खर्च):


**१४ करोड ७९ लाख ७० हजार ३ सय ८५ मात्र**




# गतवर्षको कुल बजेट र चालु वर्षको कुल बजेट




# बजेटका आय श्रोतहरु



# क्षेत्रगत बजेट विनियोजन



# आर्थिक विकास



कृषि
८९ लाख
४० हजार
उद्योग
२४ लाख
पर्यटन
२३ लाख
५० हजार
६ लाख
५० हजार
वित्तीय क्षेत्र
२ करोड
२९ लाख
४ हजार
जलश्रोत
तथा सिँचाइ
वन
४५ हजार
२८ लाख
६० हजार
पशुपंक्षी
विकास
वाणिज्य
५० हजार
BANK
कुल बजेट
४ करोड १ लाख
९९ हजार

# सामाजिक विकास

**३२ करोड ६ लाख ५१ हजार २ सय ३**

कुल बजेट

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण**
३ करोड ९५ लाख ४१ हजार

**सामाजिक सुरक्षा तथा संरक्षण**
६८ लाख ६५ हजार

**स्वास्थ्य**
४ करोड ३४ लाख ३५ हजार

**सामाजिक विकास**

**युवा तथा खेलकुद**
२९ लाख २५ हजार

**शिक्षा**
२० करोड ९७ लाख ७५ हजार २ सय ३

**खानेपानी तथा सरसफाई**
१ करोड ७३ लाख ४५ हजार

**भाषा तथा संस्कृती**
७ लाख ६५ हजार



## कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च
## कुलः ११ करोड ९९ लाख ७९ हजार

# पुर्वाधार विकास

**कुल बजेट**

१० करोड ९८ लाख
३१ हजार

**यातायात पूर्वाधार**
१ करोड
७६ लाख
९१ हजार

**भवन, आवास तथा सहरी विकास**
६ करोड
५ लाख
४५ हजार

**पुनर्निर्माण**
२ करोड
४९ लाख
५ हजार

**विज्ञान तथा प्रबिधि**
४ लाख

**उर्जा**
१० लाख
५० हजार

**सम्पदा पूर्वाधार**
५० लाख
१० हजार

**संचार तथा सूचना प्रबिधि**
२ लाख
३० हजार

# सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

## कुल बजेट

**४४ लाख ३५ हजार**

**वातावरण तथा जलवायु**
२ लाख ५० हजार

**विपद् व्यवस्थापन**
६० हजार

**मानव संसाधन विकास**
७५ हजार

**कानुन तथा न्याय**
८ लाख


**तथ्यांक प्रणाली**
५ लाख

**श्रम तथा रोजगारी**
२२ लाख ५० हजार

**अनुगमन तथा मुल्यांकन**
२ लाख

**वित्तीय सुशासन**
३ लाख

# लैंगिक उत्तरदायी बजेट
# (Gender Responsive Budget):



# बजेटका प्रमुख कार्यक्रमहरु

| | |
|---|---|
| जनतासँग अध्यक्ष कार्यक्रम (फुसको छाना विस्थापन कार्यविधि बमोजिम हुने) को लागि | रू. ३५ लाख |
| सहिदपार्क घेराबार तथा ट्रस्ट निर्माण र शलिक स्थापना गर्नको लागि | रू. १३ लाख |
| धुर्खोला मायाताल रेक्चा सडक क्रमागत बजेट | रू. २० लाख |
| ने.रा.मा .वि. काप्रिकाडा देवलको तला थप गर्नको लागि | रू. १५ करोड |
| लामाखेत खानेपानी आयोजना वडा नं. २ को लागि | रू. १० लाख |
| सिद्धपुर डिप बोरिङ खानेपानी आयोजना साझेदारी रकम क्रमागत | रू. २० लाख |
| जामुने प्रा.वि. विद्यालय भवन वडा नं. ३ को लागि | रू. १६ लाख |
| सामूदायिक स्वास्थ्य इकाई शोभानचौर अपुरो भवन निर्माणको लागि | रू. १८ लाख |
| ५ नं. वडा कार्यालय भवन निर्माण क्रमागत | रू. १८ लाख |
| ने.रा प्रा.वि. भैरवस्थान भवन निर्माण क्रमागत | रू. २९ लाख |
| ने.रा.आ.वि. भेडीचौर भवन निर्माण क्रमागत | रू. २९ लाख |
| ने.रा प्रा.वि. वसन्ते भवन निर्माण क्रमागत | रू. २९ लाख |
| सिर्जनशिल प्रा.वि. साता भवन निर्माण क्रमागत | रू. २८ लाख |
| ने.रा.आ.वि. कोइरालवास भवन निर्माण क्रमागत | रू. २८ लाख |
| मालिका आ.वि भवन निर्माण क्रमागत | रू. ११ लाख |
| श्री जगन्नाथ मा.वि. चौकुने ४ बिजौरा सुर्खेत भवन निर्माणको लागि | रू. १ करोड ५० लाख |
| देवल सिचाई कुलो वडा नं १ को लागि | रू. ६८ लाख |
| मिलनचोक बिउरेनी झक्मके घुम्ति मोड जुम्ल्या मूल पालिका जोड्ने कालोपत्रे सडकको लागि | रू. १ करोड ३९ लाख |
| मायाताल तोस्रा बृहत खानेपानी चौकुने-५ को लागि | रू. २० लाख |

अनुसूची-१

# बजेटमा प्रयोग हुने मुख्य शब्दावली र त्यसको अर्थ

- **बजेटः** सरकारी बजेट कुनै निश्चित समयको लागि सरकारले पूर्वानुमान गरेको आम्दानी र खर्चको विवरण हो । यस्तो बजेट विशेषगरी एक वर्षको हुन्छ । बजेटमा सरकारले कुनै आर्थिक वर्षको लागि आम्दानी हुने अनुमानित श्रोत पहिल्याउँछ भने त्यसको आधारमा कुल आम्दानी कति हुन्छ र त्यसलाई कहाँकहाँ खर्च गरिन्छ भनेर राखिएको हुन्छ ।

- **आर्थिक वर्षः** आर्थिक वर्षलाई वीत्तीय वर्ष पनि भनिन्छ । यसलाई अँग्रेजीमा Fiscal Year भनिन्छ । जुन सामान्यतया पात्रोको वर्षसँग मेल नखान सक्छ । उदाहरणको लागि नेपालमा वैशाख १ गते नयाँ वर्ष सुरु भइ चैत मसान्तमा सकिन्छ भने आर्थिक वर्ष श्रावण १ गते सुरु भइ असार मसान्तमा सकिन्छ ।

- **नीति तथा कार्यक्रमः** सरकारले कुनै आर्थिक वर्षको बजेट ल्याउनुअघि उक्त बजेट केकस्ता कार्यक्रमहरूमा केन्द्रित र के कुरालाई प्राथामिकता दिइएको छ भनी प्रस्तुत गरिने दस्तावेज नै नीति तथा कार्यक्रम हो । संघीय सरकारको नीति तथा कार्यक्रम संघीय संसदमा राष्ट्रपतिले, प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रदेश सभाको बैठकमा प्रदेश प्रमुखले र स्थानीय तहमा प्रमुख वा उपप्रमुखले नगर सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने प्रचलन रहेको छ ।

- **बजेट आउने समयः** नेपालमा तीन तहका सरकारले नेपालको संविधानको अनुसूची ५-९ सम्म उल्लेख भएका अधिकारहरूको कार्यान्वयन र सरकार सञ्चालनका लागि हरेक आर्थिक वर्षको बजेट ल्याउने गर्छन् । संघीय सरकारले जेठ १५ गते, प्रदेश सरकारले असार १ गते र स्थानीय सरकारले असार १० गतेभित्रमा आगामी आर्थिक वर्षको बजेट ल्याइसक्नुपर्दछ । स्थानीय तहको बजेट वक्तव्य गाउँ/नगर सभामा उपप्रमुखले प्रस्तुत गर्छन् ।

- **आन्तरिक राजश्वः** स्थानीय सरकारलाई नेपालको संविधान २०७२ ले प्रदान गरेका एकल अधिकारअन्तर्गत र स्थानीय सरकार सञ्चालन ऐनबमोजिम स्थानीय तहले निर्धारण गरी संकलन गरेको राजश्व नै स्थानीय तहको आन्तरिक राजश्व हो । यसमा कर राजश्व र गैरकर राजश्व पर्दछन् ।

- **कर राजश्वः** कर राजश्व भन्नाले स्थानीय तहले उक्त स्थानीय तहभित्रका व्यक्तिगत तथा व्यवसायिक

क्रियाकलापहरूको लागि तोकेको निश्चित दरको कर हो। सरकारले जनता र संस्थाहरूबाट अनिवार्य रूपमा कर रूपमा संकलन गर्छ। जस्तै घर भाडामा लगायवापत कर, व्यवसाय कर आदि।

- **गैरकर राजश्वः** गैरकर राजश्व विशेषगरी सेवा शुल्कको रुपमा रहन्छ। गाँउपालिकाले सेवा वा सुविधा उपलब्ध गराए वापत शुल्क लिन सक्छ। जस्तैः सिफारिस शुल्क, जन्म दर्ता गर्दा लाग्ने शुल्क।

- **राजश्व बाँडफाँडवापतको रकमः** स्थानीय तहले संघीय सरकार र प्रदेश सरकारले संकलन गरेको राजश्वको बाँडफाँड वापतको रकम प्राप्त गर्ने गर्दछ।

- **सशर्त अनुदानः** नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले तोकेको आधारबमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्दछ। सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्छ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्छ। उदाहरणको लागि चौकुने गाउँपालिकालाई  चौकुने गाउँपालिकाको सिर्जनशिल प्रा.वि. साता भवन निर्माणको लागि रू. ४८ लाख उपलब्ध गरायो भने सो रकम यहि कामको लागि मात्र खर्च गर्नुपर्छ। ससर्त अनुदानको रकम सोहि उद्देश्यमा खर्च गर्न नसके संघीय सरकारमा फिर्ता जान्छ।

- **विशेष अनुदानः** नेपाल सरकारले कुनै  विशेष उद्देश्य राखी प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्दछ। प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम विशेष अनुदान प्रदान गर्ने गर्छन्। उदाहरणका लागि संघीय सरकारले चौकुने गाउँपालिकामा बसोबास गरिरहेका दलित समुदायका बालबालिकाको लागि छात्रवास वनाउन रू. ३० लाख विशेष अनुदान उपलब्ध गराउन सक्छ। सशर्त अनुदानको रकम सोहि उद्देश्यमा खर्च गर्न नसके संघीय सरकारमा फिर्ता जान्छ।

- **वित्तीय समानीकरण अनुदानः** नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान प्रदान गर्दछ। नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो श्रोतबाट उठेको राजश्वलाई प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा प्रदेश कानून बमोजिम र आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान प्रदान गर्दछ।

- **समपुरक अनुदानः** नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्दछ। समपूरक अनुदान प्रदान गर्दा योजनाको सम्भाव्यता,

योजनाको लागत, योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ, योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति र योजनाको आश्यकता र प्राथमिकतालाई आधार बनाइन्छ। त्यस्तै प्रदेशले पनि समपुरक अनुदान दिन सक्छ। यो अनुदान पाउन स्थानीय तहले पनि केहि रकम आफूले विनियोजन गर्नुपर्छ। उदाहरणको लागि चौकुने गाउँपालिकाको मिलनचोक बिउरेनी झक्मके घुम्ति मोड जुम्ल्या मूल पालिका जोड्ने कालोपत्रे सडकको निर्माणको लागि रू. १ करोड ४० लाख लागत लाग्छ भने स्थानीय सरकारले आफूले रू. ७० लाख विनियोजन गरि रू. ७० लाख संघीय सरकारसँग समपुरक अनुदानको रूपमा माग गर्न सक्छ।

- **ऋण**: स्थानीय तहहरूले बजेट निर्माणका क्रममा आन्तरिक तथा बाह्य ऋण लिन सक्छन्।

- **गैरसरकारी अनुदान**: स्थानीय तहहरूमा विकासका गतिविधिहरू सञ्चालन गर्न विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूले स्थानीय तहहरूलाई अनुदान दिन सक्छन्।

- **पुँजीगत खर्च**: पुँजीगत खर्च भनेको सरकारले यातायात, मेसिनरी उपकरण, भवन, स्वास्थ्य तथा शिक्षा पूर्वाधार आदिमा खर्च गर्ने रकम हो। यसमा स्थीर सम्पतिहरू जस्तै जग्गा खरिद, पुल निर्माण, कुलो निर्माणजस्ता कुरा पर्छन्। सबै विकास निर्माणका आयोजनाहरू पूँजीगत खर्चअन्तर्गत पर्दछन्।

- **चालु खर्च**: सार्वजनिक सेवा प्रवाहका लागि हुने दैनिक प्रशासनिक गतिविधि सञ्चालन खर्च नै चालू खर्च हो। कर्मचारीको तलब, जनप्रतिनिधिको सेवा सुविधा र कार्यालय सञ्चालनको क्रममा हुने अन्य प्रशासनिक खर्च चालु खर्चअन्तर्गत पर्दछन्। स्थानीय तहको चालु खर्च पुँजीगत खर्चभन्दा धैरै हुन्छ। यसको कारण के हो भने सरकारको ठूलो रकम सामाजिक सुरक्षा जस्तै वृद्धभत्ता, शिक्षकहरूको तलब आदिमा जान्छ, जुन चालु खर्चअन्तर्गत राखिएको हुन्छ।

# सम्पर्क

**चौकुने गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**गुटु, सुर्खेत**
**फोन: +९७७ ९८५८०६३११५**
**इमेल: ito.chaukunemun@gmail.com**
**chaukunegapa@gmail.com**

# नागरिक बजेटको लागि सहजीकरण

सशक्त महिला, समृद्ध नेपाल
EMPOWERED WOMEN PROSPEROUS NEPAL
Co-funded by the European Union
UNITED NATIONS NEPAL
KIRDARC